सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७८७५१२५, ९८५४०२९०५३, ९८०७८५०४८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन बापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३४३ ♦ २०८३ साल भदौ १९ शुक्रवार ♦ 4 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## जानकी मन्दिर क्षेत्र ‘जोन ए’ संरक्षित स्मारक क्षेत्र घोषणा

**खबर दर्पण समाचारदाता**

**भदौ १८ गते, वर्दिवास**



सरकारले जनकपुरधामस्थित ऐतिहासिक तथा धार्मिक महत्वको जानकी मन्दिर आसपासको क्षेत्रलाई ‘जोन ए’ संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने निर्णय गरेको छ । मन्त्रि परिषद्ले गरेको निर्णयसँगै जानकी मन्दिर तथा आसपासका क्षेत्रमा हुने भौतिक संरचना निर्माण, पुनर्निर्माण तथा अन्य गतिविधिमा विशेष मापदण्ड पालना गर्नुपर्ने भएको छ ।

जानकी मन्दिर जनकपुरधामको धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक पहिचानसँग जोडिएको महत्वपूर्ण सम्पदाका रूपमा रहेको छ । मन्दिरको मौलिक स्वरूप, ऐतिहासिक महत्व र आसपासको धार्मिक तथा सांस्कृतिक वातावरण संरक्षण गर्न सरकारले संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने निर्णय गरेको हो ।

संरक्षित स्मारक क्षेत्र घोषणापछि मन्दिर आसपासमा जथाभावी भौतिक संरचना निर्माण गर्ने, पुराना संरचनामा आफूखुसी परिवर्तन गर्ने तथा सम्पदाको मौलिक स्वरूपमा असर पर्ने गरी संरचना थप्ने कार्य नियन्त्रण हुने अपेक्षा गरिएको छ। मन्दिर क्षेत्रको संरक्षण र व्यवस्थापनमा सम्बन्धित निकायले तोकेको मापदण्डअनुसार निर्माण तथा पुनर्निर्माण गर्नुपर्ने व्यवस्था लागू हुने जनाइएको छ ।

जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गराउने प्रयास भइरहेका बेला सरकारले मन्दिर क्षेत्रलाई संरक्षित स्मारकको दायरामा ल्याउने निर्णय गरेको हो । विश्व सम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रियामा सम्पदाको मौलिकता, ऐतिहासिकता, सांस्कृतिक महत्व र संरक्षणको अवस्था महत्वपूर्ण मानिने भएकाले संरक्षित क्षेत्र घोषणालाई त्यसतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

यसअघि पनि पुरातत्व विभागले जानकी मन्दिरसहित आसपासका महत्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थललाई समेटेर संरक्षित क्षेत्र घोषणा गर्ने प्रक्रिया अघि बढाएको थियो। प्रस्तावित संरक्षित क्षेत्रमा जानकी मन्दिर सँगै शिवमन्दिर, राममन्दिर, सोनारपट्टी, जनकचोक, शिवचोक, तेलहा-मडहा पोखरी, अंगराजसर पोखरी हुँदै बारहबिघासम्मको क्षेत्र समेट्ने योजना अघि सारिएको थियो ।

जनकपुरधामको धार्मिक तथा सांस्कृतिक महत्व केवल जानकी मन्दिरमा मात्र सीमित छैन । मन्दिर वरपर रहेका विभिन्न धार्मिक स्थल, पोखरी, पुराना बस्ती, बजार तथा ऐतिहासिक संरचनाले यस क्षेत्रको मौलिक पहिचान निर्माण गरेका छन् । पछिल्ला वर्षमा बढ्दै गएको सहरीकरण तथा अव्यवस्थित भौतिक संरचना निर्माणका कारण यस्ता सम्पदाको मौलिकता र धार्मिक वातावरणमा असर पर्न सक्ने चिन्ता व्यक्त हुँदै आएको थियो ।

सरकारको पछिल्लो निर्णयले मन्दिर क्षेत्रको संरक्षणसँगै आसपासका ऐतिहासिक तथा सांस्कृतिक संरचनाको संरक्षणमा समेत जोड पुग्ने अपेक्षा गरिएको छ । संरक्षित क्षेत्रभित्र निर्माण हुने नयाँ संरचनाले सम्पदाको स्वरूप, दृश्यात्मकता तथा सांस्कृतिक वातावरणमा असर नपार्ने गरी आवश्यक मापदण्ड निर्धारण र कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

जानकी मन्दिरको निर्माणसमेत ऐतिहासिक कालखण्डसँग जोडिएको छ । सन् १८९४ मा मन्दिरको शिलान्यास गरिएको र सन् १९११ मा निर्माण सम्पन्न भएको विवरण छ । मुगल तथा राजपूत शैलीको वास्तुकलाको प्रभाव देखिने यस मन्दिरलाई मिथिला क्षेत्रको धार्मिक तथा सांस्कृतिक जीवनको महत्वपूर्ण केन्द्रका रूपमा लिइन्छ ।

जनकपुरधाम आउने स्वदेशी तथा विदेशी पर्यटकका लागि समेत जानकी मन्दिर प्रमुख आकर्षणको केन्द्र हो । विवाहपञ्चमी, रामनवमी, जानकी नवमी, झुला लगायतका धार्मिक तथा

बाँकी पृष्ठ ३ मा

## भदौ २३ गते देशभर सार्वजनिक बिदा दिने सरकारको निर्णय



**खबर दर्पण समाचारदाता**

**भदौ १८ गते, वर्दिवास**

सरकारले आगामी भदौ २३ गते देशभर सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले जेनजी शहीद दिवसको अवसरमा भदौ २३ गते सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता सस्मित पोखरेलका अनुसार अघिल्लो वर्ष भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका शहीदहरूको स्मरणमा देशभर सार्वजनिक बिदा दिने निर्णय गरिएको हो ।

मन्त्रिपरिषद्को निर्णयअनुसार भदौ २३ गते सरकारी कार्यालय, सार्वजनिक निकाय तथा अन्य सम्बन्धित संस्थाहरूमा सार्वजनिक बिदा हुनेछ ।

सरकारले जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका व्यक्तिहरूको योगदानको सम्मान र स्मरणका लागि शहीद दिवसका रूपमा उक्त दिन सार्वजनिक बिदा दिने निर्णय गरेको जनाएको छ ।

## भदौ २२ गते राष्ट्रिय शोक दिवस, राष्ट्रिय झण्डा आधा झुकाइने

**खबर दर्पण समाचारदाता**

**भदौ १८ गते, वर्दिवास**



सरकारले रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीमा परी ज्यान गुमाएकाहरूको सम्मानमा राष्ट्रिय शोक दिवस मनाउने निर्णय गरेको छ ।

बिहीबार दिउँसो बसेको मन्त्रिपरिषद् बैठकले बाढीमा मृत्यु भएकाहरूको सम्मानस्वरूप घटनाको १३औँ दिनको पुण्यतिथिमा राष्ट्रिय शोक दिवस मनाउने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए ।

सरकारले आगामी भदौ २२ गते सोमबार राष्ट्रिय शोक दिवस मनाउने निर्णय गरेको हो ।

शोक दिवसका दिन नेपालभरका सरकारी कार्यालय तथा विदेशस्थित नेपाली दूतावास र नियोगहरूमा राष्ट्रिय झण्डा आधा झुकाउने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको प्रवक्ता पोखरेलले बताए ।

भोटेकोशी बाढीका कारण ठूलो जनधनको क्षति भएपछि सरकारले मृतकप्रति सम्मान तथा श्रद्धाञ्जली व्यक्त गर्न राष्ट्रिय शोक दिवस मनाउने निर्णय गरेको हो ।

सरकारले विपद्बाट प्रभावित तथा पीडित परिवारको उद्धार, राहत र पुनर्स्थापनाका कामलाई निरन्तरता दिइरहेको जनाएको छ ।

# रसुवा बाढीः १२ हजारभन्दा बढीको.............

शाहले बताए ।

नेपाली सेनाको नेतृत्वमा भारत, चीन र कोरियाका विज्ञसमेत उद्धार तथा खोजी कार्यमा संलग्न रहेको उनले उल्लेख गरेका छन् ।

त्यस्तै, बाढीका कारण चीनको केरुङमा फसेका नेपाली नागरिक तथा व्यवसायीमध्ये ११४ जनालाई तातोपानी नाका हुँदै नेपाल ल्याउने प्रक्रिया अघि बढाइएको छ ।

मालवाहक कन्टेनरलाई भने कोरला नाकाबाट नेपाल ल्याउने तयारी भइरहेको जनाइएको छ ।

### विपद्पछि अन्तर्राष्ट्रिय सहयोग बढ्दै

प्रधानमन्त्री शाहका अनुसार रसुवा बाढीपछि विभिन्न मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाबाट नेपालले राहत तथा आर्थिक सहयोग प्राप्त गरिरहेको छ ।

भारतले पाँच चरणमा हालसम्म ७४ टन राहत तथा उद्धार सामग्री उपलब्ध गराएको छ । चीनले ३० करोड रुपैयाँ र ५० टन राहत सामग्री उपलब्ध गराइसकेको छ भने प्रभावित क्षेत्रमा प्रयोगका लागि ३० वटा बेलिब्रिज सहयोग गर्न नेपालले चीनसँग अनुरोध गरेको छ ।

पाकिस्तानबाट ८६ टन राहत सामग्री प्राप्त हुने क्रममा रहेको, श्रीलंकाले १० लाख अमेरिकी डलर र अमेरिकाले ५ लाख अमेरिकी डलर सहयोग गर्ने प्रतिबद्धता जनाएको प्रधानमन्त्री शाहले बताए ।

अष्ट्रेलियाले १० लाख अमेरिकी डलर नगद सहयोग तथा विशेषज्ञ र ड्रोन अपरेटरसहितको टोली पठाउने तयारी गरेको छ ।

त्यस्तै, यूएईले ८३ टन राहत सामग्री उपलब्ध गराइसकेको तथा १ करोड अमेरिकी डलर सम्म सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। कतारले ४० टन राहत सामग्री उपलब्ध गराएको छ भने बेलायतले ५० लाख पाउण्ड सहयोग घोषणा गरेको छ ।

युरोपेली संघ, स्विट्जरल्याण्ड, डेनमार्क, जर्मनी, आयरल्याण्ड, चेक रिपब्लिक, नर्वे, फ्रान्स, लक्जेम्बर्ग र लाटभिया लगायतका मुलुक तथा संस्थाले समेत राहत तथा आर्थिक सहयोगको घोषणा वा उपलब्ध गराएको प्रधानमन्त्री शाहले जानकारी दिएका छन् ।

विश्व बैंकबाट १६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण कर्जा तथा एसियाली विकास बैंकबाट बजेटरी सहयोगका लागि ५ मिलियन अमेरिकी डलर र प्राविधिक सहायताका लागि १ लाख ५० हजार अमेरिकी डलर उपलब्ध गराउने प्रतिबद्धता आएको उनले बताए ।

प्रधानमन्त्री शाहले रसुवा बाढीलाई जलवायु परिवर्तन र हिमालय क्षेत्रमा बढ्दो जोखिमसँग जोड्दै यस विपद्बाट नेपालले विश्व समुदायसँग जवाफ खोज्नुपर्ने बताएका छन् ।

उनले सरकार उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गर्दै विपद् प्रभावित नागरिकलाई राहत, उद्धार तथा पुनःस्थापनामा निरन्तर खटिरहेको र नेपाल यस विपद्बाट चाँडै उठ्ने विश्वाससमेत व्यक्त गरेका छन्।




# जानकी मन्दिर क्षेत्र.......

सांस्कृतिक पर्वमा मन्दिर क्षेत्रमा ठूलो संख्यामा श्रद्धालु तथा पर्यटकको आगमन हुने गरेको छ ।

संरक्षित स्मारक क्षेत्र घोषणा भएपछि सम्पदाको संरक्षण र स्थानीय बासिन्दाको दैनिक जीवनबीच सन्तुलन कायम गर्ने चुनौतीसमेत रहनेछ। संरक्षणका नाममा स्थानीयको परम्परागत बसोबास तथा व्यवसायमा अनावश्यक असर नपर्ने र विकास निर्माणका कामलाई पनि सम्पदामैत्री ढङ्गले अघि बढाउने गरी स्पष्ट मापदण्ड र प्रभावकारी कार्यान्वयन आवश्यक देखिन्छ ।

सरकारको निर्णयलाई जानकी मन्दिरको संरक्षणसँगै जनकपुर धामको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पहिचान जोगाउने महत्वपूर्ण कदमका रूपमा लिइएको छ ।

यसको प्रभावकारी कार्यान्वयन भएमा जानकी मन्दिर क्षेत्रको मौलिकता जोगाउँदै भावी पुस्ताका लागि ऐतिहासिक सम्पदा संरक्षण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

**मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा**



# रसुवा बाढीः १२ हजारभन्दा बढीको उद्धार, ५ हजार ८३ जना अझै सम्पर्कविहीन



**खबर दर्पण समाचारदाता**
**भदौ १८ गते, बर्दिवास**

प्रधानमन्त्री वालेन्द्र शाहले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि सरकारले खोज, उद्धार, राहत तथा पूर्वाधार पुनःस्थापनालाई तीव्रता दिएको बताएका छन्।

सामाजिक सञ्जाल फेसबुकमार्फत पछिल्लो कार्यप्रगति सार्वजनिक गर्दै प्रधानमन्त्री शाहले विपद् व्यवस्थापनका लागि राज्यका सबै संयन्त्र परिचालन गरिएको जानकारी दिएका हुन्।

प्रधानमन्त्री शाहका अनुसार बाढी प्रभावित क्षेत्रबाट हालसम्म १२ हजार ३८ जनाको उद्धार गरिएको छ।

बाढीका कारण १ हजार २५९ जनाले ज्यान गुमाएको तथा अझै ५ हजार ८३ जना सम्पर्कविहीन रहेको उनले बताएका छन्।

सम्पर्कविहीनको खोजी कार्य निरन्तर जारी रहेको उनको भनाइ छ। प्रभावित नागरिकको व्यवस्थापनका लागि विभिन्न स्थानमा होल्डिङ सेन्टर सञ्चालन गरिएको छ।

नुवाकोटमा सञ्चालित २४ वटा होल्डिङ सेन्टरमा २ हजार ७९६ जना, रसुवाका पाँच केन्द्रमा १९५ जना तथा काठमाडौंका दुई स्थानमा ३०० जना प्रभावित नागरिकलाई राखिएको प्रधानमन्त्री शाहले बताए।

यसैगरी रसुवाका विभिन्न प्रभावित क्षेत्रमा रहेका करिब ४ हजार ५०० नागरिकलाई दैनिक हेलिकप्टरमार्फत राहत सामग्री पुर्‍याइरहेको जनाइएको छ।

खाद्यान्न, लत्ताकपडा तथा दैनिक उपभोग्य सामग्रीका साथै स्वास्थ्य सेवा र मनोपरामर्शसमेत उपलब्ध गराइएको प्रधानमन्त्री शाहको भनाइ छ।

## पूर्वाधार पुनःस्थापनालाई तीव्रता

बाढीका कारण क्षतिग्रस्त सडक, पुल, विद्युत्, सञ्चार, खानेपानी, स्वास्थ्य तथा शैक्षिक पूर्वाधार पुनःस्थापनाको काम तीव्र गतिमा भइरहेको प्रधानमन्त्री शाहले बताए।

उनका अनुसार प्रभावित क्षेत्रमा सञ्चार सेवा पुनःस्थापनाको काम भइरहेको छ भने ५.७७ प्रतिशत घरधुरीमा मात्रै विद्युत् सेवा पुर्‍याउन बाँकी छ।

गल्छी-मुग्लिन सडकखण्डको कृष्णभीरमा सडक सञ्चालनका लागि रुख कटान तथा भित्ता काटेर ट्र्याक खोल्ने काम सुरु गरिएको छ।

भदौभित्र उक्त सडकखण्डमा यातायात सञ्चालन गर्ने लक्ष्य राखिएको प्रधानमन्त्री शाहले बताए। कृष्णभीरको दीर्घकालीन समाधानका लागि टनेल, सोइल नेलिङ र सिट पाइललगायत विकल्पबारे अध्ययन गरिने भएको छ।

परेवाभीरमा डाइभर्सन निर्माण गरी यातायात सञ्चालनमा ल्याइसकिएको छ। त्रिशूली-बेत्रावती सडकखण्डको १० किलोमिटरमध्ये ८ किलोमिटरमा लेदो हटाइसकिएको र बाँकी दुई किलोमिटरमा काम जारी रहेको जनाइएको छ।

तादीमा बेलिब्रिज निर्माणका लागि फाउन्डेसनको काम सुरु भइसकेको छ भने बेत्रावतीमा पनि सर्भेपछि फाउन्डेसन निर्माण अघि बढाइएको छ।

त्रिशूलीमा १२० मिटर लामो बेलिब्रिज आवश्यक देखिएको प्रधानमन्त्री शाहले बताए। बेलायती राजदूतावाससँग ७० मिटरभन्दा लामो र डबल लेन भएका १० वटा बेलिब्रिज अनुदानमा उपलब्ध गराउन अनुरोध गरिएको उनले जानकारी दिएका छन्।

## जलविद्युत् आयोजनामा पनि खोजी जारी

बाढीबाट प्रभावित जलविद्युत् आयोजनामा मानिसहरु फसेको आशंकामा खोज तथा उद्धार कार्य जारी रहेको प्रधानमन्त्री

*बाँकी पृष्ठ ३ मा*

## बिमा सर्टिफिकेट हरायो

घरबाट बर्दिवास चोक आउने क्रममा २०८३।०४।१५ गते निम्न व्यहोरा भएको बिमा सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा ९८५४०५०१०० नम्बर मा फोन गरेर जानकारी गराई दिनु हुन अनुरोध छ।

नाम : **पर्शुराम खनाल**

विमा नं. GLI9900099GE14

बीमा कम्पनी : हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड

फोन नं. ९८५४०५०१००


**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौं:**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौं: सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,